आज मिति २०७६ श्रावण ८ गते यस वेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका वैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा वसि निम्न निर्णय गरियो ।

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी

२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल

३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ

४. वडा अध्यक्ष श्री टंक बहादुर थापा

५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी

६. वडा अध्यक्ष श्री गुणराज उप्रेती

७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल

८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर

९. वडा अध्यक्ष श्री हिरालाल थपलिया

१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ

११. वडा अध्यक्ष श्री सुरेश मल्ल

१२. वडा अध्यक्ष श्री अम्वर बहादुर गुरुङ

१३. कार्यपालिका सदस्य श्री कमला राना मगर

१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर

१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती

१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी

१७. कार्यपालिका सदस्य श्री राम बहादुर वराम

१८. प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत,

१. लेखा अधिकृत श्री सन्तोष अर्याल
२. सुचना अधिकारी श्री परशुराम घिमिरे

Scanned with CamScanner

निर्णय नं. १

२०७७ श्रावण महिनामा आएको अविरल वर्षको कारण आएको वाढी पहिरोले यस वेनीघाट रोराङ गाउँपालिकामा ठुलो जन धनको क्षति पुग्न गएको यस गाउपालिका वडा नं. ९ स्थायी वासस्थान हुने एक वालिकाको गजुरी गाउपालिका वडा नं. २ मा पहिरोमा परि मृत्यु भएको विभिन्न स्थानमा विभिन्न व्यक्तिहरुको घर भत्कदा मानिस घाइते हुने, वस्तुभाउको मृत्यु हुने र घर तथा घरमा रहेका सम्पूर्ण धनमाल क्षति हुने भएको, कयौ स्थानमा वस्ती नै पहिराको उच्च जोखिममा रहि वस्ती छाड्न वाध्य भएको, सडक, सिञ्चाई, खानेपानी, विद्यालय तथा स्वास्थ्य सस्थाका भवन लगायत अन्य सार्वजनिक संरचनाहरुमा क्षति पुगेको र पृथ्वी लोकमार्गको विभिन्न स्थान तथा अन्नपुर्ण क्वेरीज साइट कार्यालय जवाङखोलामा वाढी पहिरोको कारण कयौ सवारी साधनहरु वगाउने तथा पुर्ने भै क्षति पुग्न गएको हुदा यस विपदको घडिमा संयमित भएर सुरक्षित स्थानमा वस्न तथा विपदमा परेका घर परिवार तथा संरचनाको उद्धार, राहत तथा पुनस्थापनामा जुट्न सवैमा आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

गाउँपालिका क्षेत्रभित्र भएको क्षतिको मुल्याङ्कन गर्न प्रत्येक वडामा प्राविधिक सहितको टोलि खटाई यथार्थ विवरण संकलन गर्ने र तत्काल आवश्य राहत तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्ने साथै राहत तथा पनर्स्थापनाको लागि नेपाल सरकार तथा वागमति प्रदेश सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

गाउँपालिका क्षेत्र भित्रका कतिपय घरहरु भत्कन गै ति घर परिवारलाई गाँसवासमा समस्या परेको तथा कतिपय घरहरु निकै जोखिममा रहेका र तत्काल रक्षा पर्खाल लगाउन सकेको खण्डमा क्षति हुनवाट रोकिने देखिन आएकोले विपद व्यवस्थापन कोषमा स्वीकृत रकमवाट रु २५,००,०००।- को ग्याविन तथा रु ५,००,०००।- को त्रिपाल तत्काल छोटो प्रकृयावाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस गाउपालिकाको त्रिशुली नदी, मलेखु खोला तथा आसपासको क्षेत्रवाट निर्माण जन्य सामग्री (ढुङ्गा, गिट्टि, वालुवा) संकलन तथा विक्रिको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

राष्ट्रिय योजना आयोगमा गत आर्थिक वर्ष २०७६/०७७ मा श्री वागेश्वरी वहुमुखी क्याम्पस पूर्वाधार तथा व्यवस्थापन अनुदान र सहिद स्मृति पार्क तथा चेपाङ संग्रहालय निर्माणको २ वर्षमा सम्पन्न गर्ने गरी विशेष अनुदान माग भएकोमा निम्नानुसार वजेट प्राप्त हुन आएकोले वाकी रकम निकाशाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना कार्यक्रमको नाम | योजना अवधि | कुल लागत | २०७६/०७७ मा प्राप्त रकम | २०७७/०७८ मा निकाशा हुनु पर्ने रकम |
|---|---|---|---|---|---|
| १ | जय वागेश्वरी वहुमुखी क्याम्पस पूर्वाधार तथा व्यवस्थापन | २ वर्ष | १००००००००।- | ५०,००,०००।- | ५०,००,०००।- |
| | सहिद स्मृति पार्क तथा चेपाङ संग्रहालय | २ वर्ष | ५,००,००,०००।- | १,००,००,०००।- | ४,००,००,०००।- |

Scanned with CamScanner